Aayog Tayari Current Affairs

www.aayogtayarinepal.com

Monthly e-Book

# आयोग तयारी समसामयिक

२०८१ असोज

संकलन / सम्पादन :
विष्णु प्रसाद गौतम


राष्ट्रिय समसामयिक ........ 4

- रेडियो नेपालद्वारा दनुवार भाषामा समाचार सुरु ........ 4
- मेची महाकाली राष्ट्रिय उद्धार यात्रा,२०८१ सुरुवात ........ 4
- भोकमरी सूचकाङ्कमा नेपालको अवस्था १ स्थानले सुधार ........ 4
- गीतकार विश्व बल्लभको निधन ........ 5
- विश्वका १४ अग्ला हिमाल आरोहण गर्ने सबैभन्दा कान्छा आरोही बने निमा ........ 5
- विश्वका १४ अग्ला हिमाल आरोहण गर्ने पहिलो नेपाली महिला बनिन दावा याङ्जुम ........ 5
- विश्वका १४ अग्ला हिमाल अक्सिजनबिना सबैभन्दा छिटो आरोहणको किर्तिमान ........ 5
- रेडियो नेपाल तथा नेपाल टेलिभिजन लाई एकीकृत गर्ने कानून प्रमाणीकरण ........ 6
- थप ५७ हिमाल आरोहणका लागि खुला ........ 6
- प्रकाशमान सिंह राउत नेपालको प्रधान न्यायाधीश नियुक्त ........ 6
- ७१ पालिका विपत संकटग्रस्त क्षेत्र घोषणा ........ 6
- पेट्रोलियम पाइपलाइन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर ........ 7
- नेपाल, भारत र बंगलादेशबीच ४० मेगावाट विद्युत् बिक्री सम्झौता ........ 7
- नेपालको आर्थिक वृद्धिदर ५.१ प्रतिशत हुने विश्व बैंकको प्रक्षेपण ........ 8
- देशका सबै स्थानीय तहमा पुग्यो बैंकिङ पहुँच ........ 8
- काभ्रेमा हेरिटेज पासपोर्टको सुरुवात ........ 8
- उपभोक्ता मूल्य सूचकांक गणनाको आधार वर्ष परिवर्तन ........ 9
- एसिक सम्मेलन २०२४ सम्पन्न ........ 9

➢ बेरुजु फछ्र्यौट समिति गठन ........ 9
➢ संयुक्त राष्ट्रसङ्घ महासभाको ७९औं अधिवेशनमा नेपालको सहभागिता ........ 10
➢ धरहरा सर्वसाधारणको लागि खुला ........ 10

अन्तराष्ट्रिय समसामायिक ........ 11

➢ मेक्सिकोमा पहिलो महिला राष्ट्रपति निर्वाचित ........ 11
➢ जापानमा नयाँ प्रधामन्त्री नियुक्त ........ 11
➢ संयुक्त राष्ट्रसङ्घको ७९औं महासभा सम्पन्न भएको छ : ........ 11
➢ थाइल्याण्डले दियो समलिंगी विवाहलाई कानूनी मान्यता ........ 11
➢ श्रीलंकामा नयाँ राष्ट्रपति र प्रधानमन्त्री नियुक्त ........ 12
➢ स्पेस स्टेसनमा सबैभन्दा लामो समय बस्ने नयाँ किर्तिमान ........ 12
➢ Loss & Damage कोषमा पहिलो निर्देशक नियुक्त ........ 12
➢ जोर्डन बन्यो कुष्ठरोग उन्मुलन गर्ने विश्वकै पहिलो देश ........ 13

खेलकुद समसामयिक ........ 14

➢ महिला टि-२० विश्वकप क्रिकेट २०२४ सुरु ........ 14

दिवस र नाराहरु ........ 15

➢ विश्व खाद्य दिवस २०२४ ........ 15
➢ विश्व हात धुने दिवस २०२४ ........ 15
➢ विश्व हुलाक दिवस २०२४ ........ 15
➢ विश्व मुस्कान दिवस २०२४ ........ 15
➢ विश्व शिक्षक दिवस २०२४ ........ 16
➢ विश्व अहिंसा दिवस २०२४ ........ 16
➢ अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२४ ........ 16
➢ विश्व मुटु दिवस २०२४ ........ 16
➢ विश्व रेबिज दिवस २०२४ ........ 17
➢ विश्व पर्यटन दिवस २०२४ ........ 17
➢ विश्व शान्ति दिवस २०२४ ........ 17
➢ सामाजिक सेवा दिवस २०८१ ........ 17

Aayog Tayari

- अब देखि राष्ट्रिय याक दिवस मनाइने ........ 18
- संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८१ ........ 18
- राष्ट्रिय शिक्षा दिवस २०८१ ........ 18
- राष्ट्रिय चलचित्र दिवस २०८१ ........ 19
- राष्ट्रिय विज्ञान दिवस २०८१ ........ 19

पुरस्कार र सम्मान ........ 20

- नोबेल पुरस्कार २०२४ ........ 20
- भैरव पुरस्कार २०८१ ........ 20


Aayog Tayari

# राष्ट्रिय समसामयिक

## रेडियो नेपालद्वारा दनुवार भाषामा समाचार सुरु

**रेडियो नेपालद्वारा दनुवार भाषामा समाचार सुरु गरिएको छ**

- **कहिले ? : २०८१ असोज ३०**
- यो संगै रेडियो नेपालले समाचार प्रशारण गर्ने **भाषा संख्या २५ पुगेको** छ
- दनुवार भाषा विशेषगरी नेपालको काभ्रेपलाञ्चोक, सिन्धुली, सिरहा, सर्लाही, महोत्तरी, सप्तरी, धनुषा, सिन्धुपाल्चोक, ललितपुर, उदयपुर, झापा, मोरङ, सुनसरी, चितवन, नवलपरासी, बारा, पर्सा, मकवानपुरलगायत ६२ वटा जिल्लामा बोलिन्छ ।
- २०७८ सालको राष्ट्रिय जनगणना अनुसार
    - दनुवार जातिको जनसंख्या : ८२ हजार ७८४ (कुल जनसंख्याको ०.२८ %)
    - दनुवार भाषा बोल्नेको संख्या : ४९ हजार ९९२ (०.१७%)

## मेची महाकाली राष्ट्रिय उद्धार यात्रा,२०८१ सुरुवात

**मेची महाकाली राष्ट्रिय उद्धार यात्रा,२०८१ सुरुवात गरिएको छ**

- **कहिले ? : २०८१ असोज २६**
- **सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र निर्माणको लक्ष्यका साथ** मानव सेवा आश्रमद्वारा सञ्चालित यो अभियानको शुभारम्भ प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका हुन्
- यो यात्रा आगामी कार्तिक २८ गतेसम्म सञ्चालन हुनेछ

## भोकमरी सूचकाङ्कमा नेपालको अवस्था १ स्थानले सुधार

**Global Hunger Index 2024 मा नेपालको अवस्था १ स्थानले सुधार भएको छ**

- **नेपालको स्थान : ६८ औं**
- सन् २०२३ मा नेपालको स्थान ६९ औं रहेको थियो
- नेपालले सन् २०२४ मा **१४.७ अंक प्राप्त गरेको** छ
- यो अंक जति कम भयो त्यति भोकमरीको अवस्था कम भएको मानिन्छ
- आयरल्यान्डमा रहेको कन्सर्न वर्ल्डवाइड र जर्मनीमा रहेको वेल्टहङ्गर हिल्फे नाम गरेका दुई वटा संस्थाले प्रतिवेदन तयार पारेर सार्वजनिक गरेका हुन् ।

**दक्षिण एसियाको अवस्था :**

- श्रीलंका : ५६ औं

- नेपाल : ६८ औं
- बंगलादेश : ८४ औं
- भारत : १०५ औं
- पाकिस्तान : १०९ औं
- अफगानिस्तान : ११६ औं

## गीतकार विश्व बल्लभको निधन

**गीतकार विश्व बल्लभको निधन भएको छ**

- **कहिले ?: २०८१ असोज २३**
- लामो समय रेडियो नेपालमा जागिरे जीवन बिताएका बल्लभका रचना रहेको अरुणा लामाले गाएका भाग्यले खुसी खोसेर लग्यो, तारादेवीको स्वरमा रहेको शुभकामना, अमन तण्डुकारले स्वर दिएको धेरै दिन भो तिम्रो झझल्को लगायत दर्जनौ गीत रेकर्ड भएका छन् ।
- उनले वर्षौं रेडियो नेपालको चर्चित कार्यक्रम फूलबारी सञ्चालन समेत गरेका थिए ।

## विश्वका १४ अग्ला हिमाल आरोहण गर्ने सबैभन्दा कान्छा आरोही बने निमा

- **कहिले ?: २०८१ असोज २३**
- **आरोही : निमा रिन्जी शेर्पा**
- आरोहण : विश्वका ८००० मिटर माथिका १४ हिमाल
- सगरमाथासहित विश्वका सबै हिमाल सबैभन्दा कम उमेरमा आरोहण गर्नेमा उनी विश्वकै पहिलो भएका हुन्

## विश्वका १४ अग्ला हिमाल आरोहण गर्ने पहिलो नेपाली महिला बनिन दावा याङ्जुम

- **कहिले ?: २०८१ असोज २३**
- **आरोही : दावा याङ्जुम शेर्पा ( दोलखाको गौरीशंकर गाउँपालिका ना गाउँकी)**
- शेर्पाले असोज २३ गते तिब्बतमा पर्ने विश्वको १४ औं अग्लो हिमाल सिसापाङ्मा आरोहण सम्पन्न गरेकी हुन्
- विश्वका ८ हजार मिटर अग्ला १४ वटा हिमाल आरोहण गर्ने **स्पेनकी एडुर्न पासावान विश्वकै पहिलो महिला** हुन् ।
- उनले १४ वर्षअघि यो रेकर्ड हात पारेकी थिइन् ।

## विश्वका १४ अग्ला हिमाल अक्सिजनबिना सबैभन्दा छिटो आरोहणको किर्तिमान

- **कहिले ?: २०८१ असोज २२**
- **आरोही : निर्मल पूर्जा (निम्सदाइ)**

- उनले पूरक अक्सिजनबिना विश्वका १४ अग्ला शिखर २ बर्ष ४ महिना २८ औं दिनमा आरोहण गरेका हुन्
- पूर्जाले ८ हजार अग्ला हिमालहरुमा हालसम्म ४९ औं पटक आरोहण गरिसकेका छन् ।

## रेडियो नेपाल तथा नेपाल टेलिभिजन लाई एकीकृत गर्ने कानून प्रमाणीकरण

**रेडियो नेपाल तथा नेपाल टेलिभिजन लाई एकीकृत गर्ने कानून प्रमाणीकरण भएको छ**

- **कहिले ?** : **२०८१ असोज २२**
- **सार्वजनिक सेवा प्रसारण विधेयक** प्रमाणीकरण भएको हो
- सरकारी स्वामित्वमा रहेको रेडियो नेपाल तथा नेपाल टेलिभिजन लाई एकीकृत गरी एउटै छातामुनिबाट सञ्चालन गर्न उक्त कानुन ल्याइएको छ
- राष्ट्रपतिबाट प्रमाणिकरण भएको ३१ औं दिनबाट उक्त ऐन कार्यान्वयनमा आउने छ

## थप ५७ हिमाल आरोहणका लागि खुला

**थप ५७ हिमाल आरोहणका लागि खुला गरिएको छ**

- **कहिले ?** : **२०८१ असोज २१**
- यसरी आरोहण खुला गरिएका हिमालमा पाँच हजार मिटरभन्दा माथि छ हजार पाँच सय मिटरसम्म कम उचाइका छन् ।
- विभागले नेपाल पर्वतारोहण सङ्घ (एनएमए)सँगको सहकार्यमा थप हिमाल खुलाइएको हो ।
- यो संगै नेपालमा कूल **चार सय ६१ हिमाल आरोहणका लागि खुला भएका** छन्

## प्रकाशमान सिंह राउत नेपालको प्रधान न्यायाधीश नियुक्त

- नियुक्ती मिति : **२०८१ असोज २०**
- सपथ ग्रहण : २०८१ असोज २०
- नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले उनलाई नियुक्त गरेका हुन्
- नव नियुक्त **प्रधानन्यायाधिशले राष्ट्रपति सपक्ष पद तथा गोपनियताको सपथ** लिएका छन्

## ७१ पालिका विपत संकटग्रस्त क्षेत्र घोषणा

**७१ पालिकालाई विपत संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ**

- घोषणा मिति : **२०८१ असोज १८**
- **मिति २०८१ असोज ११ र १२ गते आएको बर्षाले** क्षति पुर्याएका ७१ पालिकालाई सरकारले विपत संकटग्रस्त क्षेत्र घोषणा गरेको छ

- **घोषणाको कानूनी आधार :** **विपद् जोखिम न्यूनीकरण तथा विस्थापन ऐन, २०७४** मा कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएको अवस्थामा त्यस्तो क्षेत्रको सिमाना र अवधि तोकेर सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न सकिने प्रावधान छ ।
- **घोषणाको प्रभाव :** सरकारी, गैरसरकारी कार्यालय एवं शिक्षण संस्थाहरु केही अवधिका लागि बन्द गर्न सकिने, विशेष राहात र पुनर्स्थापनाका कार्यक्रम संचालन गर्न सकिने, उद्धारमा प्रतिकूल असर पर्ने काम कारवाही गर्न नदिइने र सरकारले आवश्यक सम्झेमा त्यस्तो क्षेत्रमा कर्मचारीहरुलाई काजमा खटाउन सक्ने

## पेट्रोलियम पाइपलाइन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर

**नेपालले पेट्रोलियम पाइपलाइन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ**

- **कहिले ? : २०८१ असोज १७**
- सम्झौता गरिएका पेट्रोलियम पाइपलाइनहरु :
  - **सिलिगुडी (भारत) - चारआली (झापा) :** ५० किमी लामो
  - **अमलेखगञ्ज (बारा) - लोथर (चितवन) :** ६२ किमी लामो
  - दुवै ठाउँमा स्मार्ट ग्रिनफिल्ड टर्मिनल निर्माण
- नेपाल आयल निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट र इण्डियन आयल कर्पोरेसन लिमिटेडका निर्देशक सेन्थल कुमारले सम्झौतामा हस्ताक्षर गरेका हुन्
- सबै आयोजनाहरुको कुल लागत **१५ अर्ब रुपैया** रहेको छ

## नेपाल, भारत र बंगलादेशबीच ४० मेगावाट विद्युत् बिक्री सम्झौता

- **कहिले ? : २०८१ असोज १७ (२०२४ अक्टोबर ३)**
- नेपाल, भारत र बंगलादेशबीच बिजुली बिक्री गर्न ऐतिहासिक सम्झौता भएसँगै नेपाललाई तेस्राे मुलुकमा बिजुली बेच्ने बाटो खुलेको छ
- **हस्ताक्षर कर्ता :**
  - **कुलमान घिसिङ**, नेपाल विद्युत् प्राधिकरण ,
  - **रेणु नाराङ**, एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन),
  - **मोहमद रिजाउल करिम**, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बीपीडीबी)
- बिजुली बिक्रि गरिने समय : हरेक वर्ष १५ जुनदेखि १५ नोभेम्बरसम्म (१ लाख ४४ हजार मेगावाट आवर बिजुली)
- **बिक्रि मूल्य : प्रतियुनिट ६.४० अमेरिकी सेन्ट** (९२ लाख १६ हजार अमेरिकी डलर) ।
- बिजुली प्रवाहगरिने लाइन : नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय **ढल्केबर—मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन हुँदै विद्युत् बंगलादेश** निर्यात

Aayog Tayari

## नेपालको आर्थिक वृद्धिदर ५.१ प्रतिशत हुने विश्व बैंकको प्रक्षेपण

**नेपालको आर्थिक वृद्धिदर ५.१ प्रतिशत हुने विश्व बैंकको प्रक्षेपण**

- चालु आर्थिक वर्ष (सन् २०२५) मा नेपालको आर्थिक वृद्धिदर **५.१ प्रतिशत हुने** विश्व बैंकले प्रक्षेपण गरेको छ ।
- विश्व बैंकले २०८१ असोज १६ गते सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट : अन्तर्राष्ट्रिय आप्रवासन र नेपालमा यसको प्रभाव÷ विषयक प्रतिवेदनले यस वर्ष आर्थिक वृद्धिदरमा सुधार आउने प्रक्षेपण गरेको हो ।
- विश्व बैंकले गत आर्थिक वर्ष (सन् २०२४) मा ३.९ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको थियो ।
- नेपालको अर्थतन्त्र आगामी आर्थिक वर्ष (सन् २०२६) मा भने ५.५ प्रतिशतले वृद्धि हुने उसको अनुमान छ ।
- त्यस्तै **ADB ले चालु आ.व. मा ४.९ प्रतिशत आर्थिक वृद्धि हुने** अनुमान यस अघि नै गरिसकेको छ

## देशका सबै स्थानीय तहमा पुग्यो बैंकिङ पहुँच

**बझाङको साइपालमा खुल्यो बैंकको शाखा, अब ७५३ पालिकामै पुग्यो बैंकको पहुँच**

- **कहिले ?: २०८१ असोज ९**
- यो संगै नेपालका सबै स्थानीय तहमा बैंकिङ पहुँच पुगेको छ
- 'क÷ वर्गको वाणिज्य बैंक एभरेष्ट बैंकले सुदूरपश्चिमम प्रदेशको बझाङ जिल्लास्थित साईपालमा गाउँपालिकामा १२९ औं शाखा कार्यालय विस्तार गरेसँगै यो लक्ष्य पुरा भएको हो ।
- सरकारले २०७३ मै संघीय संरचनाअनुसार ७५३ वटै स्थानीय तहमा बैंकिङ पहुँच विस्तार गर्ने लक्ष्य राखेको थियो।

## काभ्रेमा हेरिटेज पासपोर्टको सुरुवात

**काभ्रेमा हेरिटेज पासपोर्टको सुरुवाट गरिएको छ**

- **कहिले ?: २०८१ असोज ११**
- जिल्लाको ऐतिहासिक एवं पुरातात्त्विक नगर पनौतीमा पर्यटकलाई 'हेरिटेज पासपोर्ट÷ प्रदान गरिएको हो
- पर्यटकलाई नगरमा भएका पर्यटकीय क्षेत्रबारे जानकारी प्रदान गर्न सहजताका लागि **पनौती पर्यटन विकास केन्द्रले** पर्यटकलाई **'हेरिटेज पासपोर्ट÷** वितरण सुरु गरेको
- फ्रान्सबाट पनौती घुम्न आएका फ्रिक कार्यो, मार्टिन कार्यो र स्टेपहेन कार्योलाई हेरिटेज प्रदान गरेर पासपोर्टको शुभारम्भ गरिएको थियो
- पासपोर्टमा भएको क्यूआर कोड स्क्यान गरेर विदेश पर्यटकले यहाँको बारेमा बुझ्न सक्नेछन्

## उपभोक्ता मूल्य सूचकांक गणनाको आधार वर्ष परिवर्तन

**राष्ट्र बैंकले उपभोक्ता मूल्य सूचकांक गणनाको आधार वर्ष परिवर्तन गरेको छ**

- **कहिले ?: २०८१ असोज ९**
- **नयाँ आधार बर्ष : २०८०/८१**
- पुरानो आधार बर्ष : २०७०/७१
- वस्तुको उपभोग प्रवृतिका आधारमा **वस्तु डालो परिमार्जन गरि ५२५ वस्तुको संख्या पुर्याइएको** छ
- राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको जीवनस्तर सर्वेक्षणका आधारमा राष्ट्र बैंकले तयार पारेको मूल्य, भार र सूत्र तथा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको तथ्यांक विभागको सहयोगमा उक्त नयाा मूल्य सूचकांक तयार पारिएको हो
- यस अघि **राष्ट्रिय तथ्यांक कार्यालयले राष्ट्रिय लेखाको आधार बर्ष सन् २०००/२००१ बाट सन् २०१०/२०११ मा परिवर्तन गरिसकेको** छ

## एसिक सम्मेलन २०२४ सम्पन्न

**३६ औं एसिक सम्मेलन २०२४ सम्पन्न भएको छ**

- **सम्मेलन आयोजना : २०२४ सेप्टेम्बर २०-२३ सम्म**
- आयोजना स्थल : काठमाडौं, नेपाल
- **एसिक के हो ?: एसियाली क्रेडिट सपोर्ट एन्ड इन्नोभेसन कन्फेरेन्स**
- सम्मेलनको उपलब्धि : प्रवर्तन, हरित वित्तमार्फत साना तथा मझौला उद्यमको प्रवर्द्धन गर्दै दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धता
- एसिक सम्मेलनमा १६ ओटा देशका कर्जा तथा निक्षेप सुरक्षण संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो ।
- नेपालले ३० बर्षपछि यो सम्मेलन आयोजना गरेको हो ।

## बेरुजु फछ्र्यौट समिति गठन

**बेरुजु फछ्र्यौट समिति गठन गरिएको छ**

- **कहिले ?: २०८१ असोज २**
- मन्त्रिपरिषद बैठकले **सामान्य प्रक्रियाबाट फछ्र्यौट हुन नसकेका बेरुजु फछ्र्यौट गर्न** प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिका सदस्य **अच्युतप्रसाद मैनालीको अध्यक्षतामा** बेरुजु फछ्र्यौट समिति गठन गर्ने निर्णय गरेको हो

Aayog Tayari

## संयुक्त राष्ट्रसङ्घ महासभाको ७९औं अधिवेशनमा नेपालको सहभागिता

**संयुक्त राष्ट्रसङ्घ महासभाको ७९औं अधिवेशनमा नेपालको सहभागिता :**

- प्रधानमन्त्री न्युयोर्क प्रस्थान : २०८१ असोज ४
- महासचिव एन्टोनियो गुटेरेस संग भेटवार्ता : २०८१ असोज ६
- प्रधामन्त्रीद्वारा 'समिट अफ द फ्युचर÷को सहअध्यक्षता : २०८१ असोज ६
- कोलम्बिया विश्वविद्यालयमा सम्बोधन : २०८१ असोज ७
- प्रधानमन्त्रीद्वारा महासभालाई सम्बोधन : २०८१ असोज १०
- स्वदेश फिर्ता : २०८१ असोज १४

## धरहरा सर्वसाधारणको लागि खुला

**धरहरालाई ९ बर्ष पछी सर्वसाधारणको लागि खुला गरिएको छ**

- **कहिले ? : २०८१ असोज ३**
- १२ वैशाख २०७२ को महाभूकम्पले ढलेको धरहरा (भीमसेन स्तम्भ)को छेवैमा अर्को उस्तै धरहरा बनेसँगै सर्वसाधारणका लागि प्रवेश खुला गरिएको हो
- नवनिर्मित धरहराको उद्घाटन तत्कालिन प्र.म. केपी शर्मा ओलीले **२०७८ वैशाख ११ गते** गरेका थिए

**धरहराको परिचय :**

- जमिनमाथिबाट गजुरसहित धरहराको उचाइ ८३.८५ मिटर छ।
- भूमिगत तलासहित ९२.२५ मिटर हुन्छ। धरहराभित्र २ वटा लिफ्ट रहेका छन् ।
- एकपटकमा १० जनाले यात्रा गर्न सक्नेछन्।
- धरहराबाट वरिपरिको दृश्यावलोकनका लागि २० औं तल्लाबाहिर २.५ मिटर चौडाइको बार्दली रहेको छ ।
- १८८२ सालमा महारानी ललिता त्रिपुरासुन्दरीको आज्ञामा थापाले सुन्धारामा अर्को ६१.८८ मि. अग्लो ११ तले धरहरा बनाउन लगाएका थिए।
- १८९० मा भत्किएपछि लगनटोलकोधरहराको जीर्णोद्धार भएन। १९१३ मा बज्र (चट्याङ) परी भत्केपछि १९२३ मा पुनः जीर्णोद्धार भएको थियो।
- १९९० माघ २ को महाभूकम्पमा भत्किएको धरहराको जीर्णोद्धार २ वर्षपछि तत्कालीन प्रधानमन्त्री जुद्धशमशेर राणाद्वारा गराइएको थियो। सो पुनर्निर्माणपछि धरहरा ११ तलाबाट ९ तल्लामा सीमित भयो।
- २०७२ वैशाख १२ गतेको महाभूकम्पबाट धरहरा पूर्णरूपमा क्षति भएको थियो।
- २०७२ फागुन ४ गते प्रधानमन्त्री केपी शर्मा ओलीले 'मेरो धरहरा मै बनाउँछु÷ अभियान चलाएका थिए।

Aayog Tayari

- २०७५ असोज १४ गते नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट धरहरा पुनर्निर्माणको काम सुरु भएको थियो।
- २०७४ कार्तिक २७ गते नेपाल सरकार मन्त्रिपरिषद्को बैठकद्वारा धरहरा पुनर्निर्माणको जिम्मेवारी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई दिने निर्णय गरिएको थियो।

## अन्तराष्ट्रिय समसामायिक

### मेक्सिकोमा पहिलो महिला राष्ट्रपति निर्वाचित

- **कहिले ? :** १ अक्टोबर २०२४
- **को ? :** क्लाउडिया शेनबौम (Claudia Sheinbaum)
- उनले सन् २०१८ देखि सन् २०२३ सम्म सरकार प्रमुखको समेत जिम्मेवारी सम्हालेकी थिइन्
- उनि मेक्सिकोकी ६६ औं र पहिलको महिला राष्ट्रपति नियुक्त भएकी हुन्

### जापानमा नयाँ प्रधामन्त्री नियुक्त

**जापानमा नयाँ प्रधामन्त्री नियुक्त भएका छन्**

- **कहिले ? :** २०२४ अक्टोबर १
- **को ? :** शिगेरु इसिबा (Shigeru Ishiba)
- यस अघि २०२४ सेप्टेम्बर २७ मा शिगेरु लिबरल डेमोक्रेटिक पार्टीको चुनाव जितेका थिए
- त्यस अघि फुमियो किशिदा जापानका प्रधानमन्त्री रहेका थिए

### संयुक्त राष्ट्रसङ्घको ७९औं महासभा सम्पन्न भएको छ :

- कहिले ? : २०२४ सेप्टेम्बर १०
- **सम्पन्न हुने मिति :** ३० सेप्टेम्बर २०२४
- **अध्यक्षता :** फिलेमन याङ (क्यामरुन)
- स्थान : न्युयोर्क, अमेरिका
- महासभाको नारा : **'Unity and diversity for advancing peace, sustainable development and human dignity, everywhere and for all'.**
- नेपालको तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओलीले असोज १० (सेप्टेम्बर २६) मा महासभालाई सम्बोधन गरेका

### थाइल्याण्डले दियो समलिंगी विवाहलाई कानूनी मान्यता

**थाइल्याण्डले समलिंगी विवाहलाई कानूनी मान्यता दिएको छ**



Aayog Tayari

- थाइल्याण्डमा समलिंगी विवाहलाई मान्यता दिने कानून स्वीकृत गरिएको छ
- यो कानून २०२५ जनवरी बाट लागु हुनेछ
- समलिंगी विवाहलाई मान्यता दिने **थाइल्याण्ड तेस्रो एसियाली मुलुक बनेको** छ
- पहिलो एसियाली मुलुक **भियतनाम (सन् २०१९) र दोस्रो नेपाल (२०८० मङ्सिर १३)** रहेका छन्
- समलिंगी विवाहलाई कानूनी मान्यता दिने विश्वको **पहिलो देश नेदरल्याण्ड** हो (सन् २००१)

## श्रीलंकामा नयाँ राष्ट्रपति र प्रधानमन्त्री नियुक्त

**श्रीलंकामा नयाँ राष्ट्रपति निर्वाचित र प्रधानमन्त्री नियुक्त भएका छन्**

- **राष्ट्रपति :**
  - **नाम :** **अनुरा कुमार दासानायके**
  - **नियुक्ती : २०२४ सेप्टेम्बर २३**
  - **राष्ट्रपतिको कार्यकाल ५ बर्षको हुन्छ**
- **प्रधानमन्त्री :**
  - **नाम :** हरिणी अमरसूर्या
  - **नियुक्ती : २०२४ सेप्टेम्बर २४**
  - हिरिणी श्रीलंकाको १६ औं प्रधानमन्त्री र **तेस्रो महिला प्रधानमन्त्री** बनेकी हुन्

## स्पेस स्टेसनमा सबैभन्दा लामो समय बस्ने नयाँ किर्तिमान

**स्पेस स्टेसनमा सबैभन्दा लामो समय बस्ने नयाँ किर्तिमान बनेको छ**

- **किर्तिमान बनाउने :** **ओलेग कोनोनेन्को र निकोलाई चुबले (रुसी अन्तरिक्षयात्री)**
- उनीहरुले **३७४ दिन International Space Station (ISS) मा बिताएका** छन्
- उनीहरु १५ सेप्टेम्बर २०२३ मा ISS मा गएका थिए भने २३ सेप्टेम्बर २०२४ मा पृथ्वीमा फर्किएका छन्
- यस अघि यो रेकर्ड सर्गेई प्रोकोपेभ, दिमित्री पेटेलिन र फ्रान्सिस्को रुबियो को नाममा रहेको थियो (३७० दिन)

## Loss & Damage कोषमा पहिलो निर्देशक नियुक्त

- नियुक्त निर्देशक : **इब्राहिमा चेख डिओङ (सेनेगल)**
- कार्यकाल : ४ बर्षको (२०२४ नोभेम्बर १ बाट सुरु)
- कोषको प्रधान कार्यालय : **फिलिपिन्स**
- यो कोष इजिप्टमा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघको फ्रेमवर्क कन्भेन्सन २०२२ **(कोप २७) का दौरान ल्याइएको** थियो

Aayog Tayari

- यसमा विकसित देशले (ग्रिनहाउस ग्यास उत्सर्जनकर्ता) अन्य देश (न्यून ग्रिनहाउस ग्यास उत्सर्जनकर्ता) लाई जलवायु जन्य जोखिमको लागि रकम उपलब्ध गराउने अवधारणा रहेको छ
- दुबइ मा भएको कोप २८ को दौरान उक्त कोषमा **८०० मिलियन अमेरिकी डलर रकम** विभिन्न देशले प्रतिवद्दता गरेका थिए
- निर्देशक नियुक्ती भए संगै उक्त कोषको रकम वितरण हुने अपेक्षा गरिएको छ
- जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघको फ्रेमवर्क कन्भेन्सन २०२४ **(कोप २९) नोभेम्बर ११ देखि नोभेम्बर २२ सम्म अजरबैजानको बाकुमा आयोजना** हुदैछ

## जोर्डन बन्यो कुष्ठरोग उन्मुलन गर्ने विश्वकै पहिलो देश

**जोर्डन बन्यो कुष्ठरोग उन्मुलन गर्ने विश्वकै पहिलो देश**


- **कहिले ?: १९ सेप्टेम्बर २०२४**
- विश्व स्वास्थ्य संगठनले जोर्डनलाई आधिकारिक रुपमा कुष्ठरोग उन्मुलन गरेको प्रमाणपत्र प्रदान गरेको छ
- यसरी कुष्ठरोग उन्मुलन गर्ने **जोर्डन विश्वकै पहिलो देश बनेको** छ
- विश्व कुष्ठरोग दिवस प्रत्येक वर्ष **जनवरी महिनाको अन्तिम आइतबार** विश्वभर मनाइन्छ
- कुष्ठरोग **माइकोब्याक्टेरियम लेप्रे** नामक शुष्म किटाणुको कारणले हुने दीर्घकालीन संक्रामक रोग हो।
- नेपालले **सन् २०३० सम्ममा कुष्ठरोग उन्मूलनको लक्ष्य** राखेको छ
- नेपालमा आर्थिक वर्ष २०७८/७९ मा कुल २२८५ नयाँ कुष्ठरोगी फेला परेका थिए

Aayog Tayari

# खेलकुद समसामयिक

## महिला टि-२० विश्वकप क्रिकेट २०२४ सुरु

- **कहिले ? :** **३ अक्टोबर २०२४**
- फाइनल खेल : २० अक्टोबर २०२४
- **संस्करण :** **नवौं**
- **आयोजना स्थल :** **युएइ**
- **सहभागी देश :** **१०**
- आयोजक : ICC
- आठौं संस्करण (२०२३) को विजेता : अष्ट्रेलिया (दक्षिण अफ्रिका आयोजक)




Aayog Tayari

# दिवस र नाराहरु

## विश्व खाद्य दिवस २०२४

**४४ औं विश्व खाद्य दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: २०२४ अक्टोबर १६**
- हरेक बर्षको अक्टोबर १६ मा विश्व खाद्य दिवस मनाइन्छ
- २०२४ को नारा : ***"Right to Foods for a Better Life and a Better Future"***
- सन् १९४५ अक्टोबर १६ मा Food and Agriculture Organization (FAO) को स्थापना भएको दिनको सम्झनामा हरेक बर्षको अक्टोबर १६ मा यो दिवस मनाउने गरिन्छ
- **विश्व भोकमरी सूचकांक २०२४ मा नेपाल ६८ औं स्थानमा** रहेको छ

## विश्व हात धुने दिवस २०२४

- **कहिले ?: १५ अक्टोबर २०२४**
- हरेक बर्षको अक्टोबर १५ मा यो दिवस मनाउने गरिन्छ
- २०२४ को नारा : **"Why are clean hands still important?"**
- **सन् २००८ अक्टोबर १५ तारिखदेखि नेपालमा यो दिवस मनाउन थालिएको** हो ,

## विश्व हुलाक दिवस २०२४

**१५० औं विश्व हुलाक दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: २०२४ अक्टोबर ९**
- **सन् २०२४ को नारा : '150 years of enabling communication and empowering peoples across nations'**
- **सन् १८७४ अक्टोबर ९ मा विश्व हुलाक संघको स्थापना** भएको दिन पारेर ९ अक्टोबर मा यो दिवस मनाइन्छ
- पहिलो विश्व हुलाक दिवस सन् १८७५ मा मनाइएको थियो
- **नेपालले विश्व हुलाक संघको सदस्यता सन् १९५६ मा लिएको** थियो

## विश्व मुस्कान दिवस २०२४

- **कहिले ?: २०२४ अक्टोबर ४**
- **सन् २०२४ को नारा : "'Do an act of kindness"**
- सन् १९९९ बाट **अक्टोबर महिनाको पहिलो शुक्रबार** यो दिवस मनाउन थालिएको हो ,
- स्माइली फेसको पहिलोपटक प्रयोग गर्ने चित्रकार **हार्वे बलद्वारा यो दिवसको सुरुवात** गरिएको थियो

Aayog Tayari

## विश्व शिक्षक दिवस २०२४

- कहिले ? : अक्टुबर ५ , २०२४
- हरेक बर्ष अक्टोबर ५ मा विश्व शिक्षक दिवस मनाइन्छ
- **सन् २०२४ को बारा : "Valuing teacher voices: towards a new social contract for education"**
- सन् २०२३ को नारा : **"The teachers we need for the education we want: The global imperative to reverse the teacher shortage"**
- यो दिवस UNESCO को पहलमा सन् १९९४ देखि मनाइदै आइएको छ

## विश्व अहिंसा दिवस २०२४

- कहिले ? : २ अक्टोबर २०२४
- सन् २००७ **देखि** संयुक्त राष्ट्रसंघको अगुवाईमा हरेक बर्ष यो दिवस मनाउदै आइएको छ
- महात्मा गान्धीको जन्म जयन्तीको अवसरमा यो दिवस मनाउने गरिन्छ
- **महात्मा गान्धीको जन्म २ अक्टोबर १८६९** मा भएको थियो

## अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२४

**३४ औं अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२४ मनाइएको छ**

**( International Day of Older Persons - 2024)**

- कहिले ? : १ अक्टोबर २०२४
- हरेक बर्षको अक्टोबर १ मा अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने गरिन्छ
- २०२४ को नारा :
  - **सम्मानित बुढ्यौली : विश्वव्यापी रुपमा स्याहार तथा सहयोग पद्धतिको सवलिकरण÷**
  - **"Ageing with Dignity: The Importance of Strengthening Care and Support Systems for Older Persons Worldwide"**
- १४ डिसेम्बर १९९० मा, संयुक्त राष्ट्र महासभाले १ अक्टोबरलाई वृद्ध व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस तोकेको हो

## विश्व मुटु दिवस २०२४

- कहिले ? : २९ सेप्टेम्बर २०२४
- हरेक बर्षको सेप्टेम्बर २९ मा विश्व मुटु दिवस मनाइन्छ
- सन् २०२४ को नारा : **Use Heart for Action**
- सन् २०२३ को नारा : **'Use Heart, Know Heart'**

Aayog Tayari

- सन २००० देखि सेप्टेम्बरको अन्तिम आईतवारलाई विश्व मुटु फेडेरेशन र विश्व स्वास्थ्य संगठनले विश्व मुटु दिवसका रुपमा मनाउन थाले पनि **सन् २०१९ देखि सेप्टेम्बर २९ लाई विश्व मुटु दिवसका रुपमा मनाउन लागिएको** हो ।

## विश्व रेबिज दिवस २०२४

**१८ औं विश्व रेबिज दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: २८ सेप्टेम्बर २०२४**
- **सन् २००७ देखि** हरेक बर्ष सेप्टेम्बर २८ मा विश्व रेबिज दिवस मनाउदै आइएको छ
- सन् २०२४ को नारा : **'Breaking Rabies Boundaries'**
- **सन् २०२३ को नारा : 'All for 1, One Health for all'**

## विश्व पर्यटन दिवस २०२४

**४५ औं विश्व पर्यटन दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: २७ सेप्टेम्बर २०२४**
- **सन् २०२४ को नारा : "Tourism and Peace"**
- **२०२३ को नारा : *"Tourism and Green Investments"***
- सन् १९८० देखि यो दिवस मनाउन थालिएको हो ,
- यो दिवस United Nations World Tourism Organization (UNWTO) को सक्रियतामा मनाउने गरिन्छ ।

## विश्व शान्ति दिवस २०२४

- **कहिले ?: २१ सेप्टेम्बर २०२४**
- हरेक बर्षको **सेप्टेम्बर २१** मा यो दिवस मनाउने गरिन्छ,
- सन् २०२४ को नारा : **Cultivating a Culture of Peace**.
- **सन् २०२३ को नारा : "Actions for Peace: Our Ambition for the #Global Goals"**
- **सन् १९८१** देखि यो दिवस मनाउन थालिएको हो ।
- विश्व शान्ति सूचकांक २०२३ अनुसार **नेपालको स्थान : ७९ औं** रहेको

## सामाजिक सेवा दिवस २०८१

**४५ औं सामाजिक सेवा दिवस २०८१ मनाइएको छ**

- **कहिले ?: २०८१ असौज ६ गते**
- हरेक बर्षको असौज ६ गते सामाजिक सेवा दिवस मनाउने गरिन्छ

Aayog Tayari

- २०८१ को नारा : "सुशासन र समृद्ध नेपाल राष्ट्रिय सोचाई : दिगो सामाजिक विकास संघसंस्थाको रोजाई"
- २०८० को नारा : "दिगो विकास राष्ट्रिय प्रतिबद्धता, लक्ष्य प्राप्तिमा संघ संस्थाको सहभागिता"
- २०३४ सालमा समाज कल्याण परिषद् स्थापना भएको दिन पारेर यो दिवस मनाउने गरिन्छ ।

## अब देखि राष्ट्रिय याक दिवस मनाइने

अब देखि राष्ट्रिय याक दिवस मनाउने निर्णय गरिएको छ

- निर्णय मिति : २०८१ असोज २
- दिवस मनाउने : हरेक बर्षको असोज ७ गते
- याक तथा चौंरी संरक्षण, सम्वद्र्धन एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा यसको प्रवद्र्धन गर्ने उद्देश्यले राष्ट्रिय याक दिवस घोषणा गरी मनाउने निर्णय गरिएको हो
- याकलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित वन्यजन्तु सूचीमा राखेको छ ।
- याक आनुवंशिक स्रोत केन्द्रले ७ वैशाखलाई ५०औं स्थापना दिवस 'स्वर्ण जयन्ती÷ का रूपमा मनाउने सन्दर्भमा याक तथा चौंरी संरक्षण र सम्वद्र्धनका लागि वैशाख ७ लाई राष्ट्रिय याक दिवस घोषणा गरी

## संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८१

नवौं संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८१ मनाइएको छ

- कहिले ? : २०८१ असोज ३
- विस २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको दिनलाई सम्झदै संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने गरिन्छ ।
- ३५ भाग ३०८ धारा र ९ अनुसूचीमा लिपिबद्ध नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व, धर्मनिरपेक्षतालगायत पक्षलाई आत्मसात गरेको संविधानले लोकतान्त्रिक मूल्य—मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने अठोट गरेको छ ।

## राष्ट्रिय शिक्षा दिवस २०८१

राष्ट्रिय शिक्षा दिवस २०८१ मनाइएको छ

- कहिले ? : २०८१ असौज २
- २०८१ को नारा : "ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकता, साझेदारी र प्रणालीगत सक्षमता"
- २०८० को नारा : 'समावेशी र सीपमूलक शिक्षा : स्वदेशमै युवा राष्ट्रको इच्छा÷
- यस अघि अन्तराष्ट्रिय साक्षरता दिवसको दिन राष्ट्रिय शिक्षा दिवस मनाउदै आइएको थियो
- सरकारले २०८० जेठ ९ गते निर्णय गरी असौज २ मा शिक्षा दिवस मनाउने घोषणा गरेको थियो



Aayog Tayari

- किन असोज २ ?: असोज २ नेपालमा सबै बालबालिकालाई **अनिवार्य र निःशुल्क शिक्षा दिनेसम्बन्धी ऐन पारित भएको दिन** हो
- नेपालमा तत्कालिन राजा विरेन्द्रले विक्रम सम्वत २०३९ साल फागुन १२ गतेको दिनमा प्राथमिक तहको शिक्षा निःशुल्क घोषणा गरेका दिन देखी हरेक वर्ष फागुन १२ गते राष्ट्रिय शिक्षा दिवस मनाइदै आएको थियो भने
- गणतन्त्रको घोषणा भएसँगै अन्तर्राष्ट्रिय शाक्षरता दिवसकै दिन (सेप्टेम्बर ८) मनाउन थालिएको थियो ।
- ***२०७७ देखि भने सरकारले राष्ट्रिय शिक्षा दिवस छुट्टै दिनमा मनाउने निर्णय*** गरे पनि दिन तोकेको थिएन,

## राष्ट्रिय चलचित्र दिवस २०८१

- **कहिले ?: २०८० असोज १**
- हरेक बर्षको असौज १ मा राष्ट्रिय चलचित्र दिवस मनाउने गरिन्छ
- नेपाल चलचित्र विकास बोर्डको पहलमा **२०६८ साल असोज १ गतेबाट मनाउन थालिएको**
- बोर्डका तत्कालिन अध्यक्ष गणेश भण्डारीको नेतृत्वले नेपालमा बनेको पहिलो चलचित्र ’आमा÷को २०२२ असोज २२ गते रिलिज मितिको सन्दर्भलाई जोड्दै असोज १ गतेलाई ’राष्ट्रिय चलचित्र दिवस÷ मनाउन सुरु गरेको

## राष्ट्रिय विज्ञान दिवस २०८१

**१२ औं राष्ट्रिय विज्ञान दिवस २०८१ मनाइएको छ**

- **कहिले ?: २०८१ असौज १**
- **२०८१ को नारा : "विज्ञान तथा प्रविधिः विकास र उत्पादन वृद्धि"**
- **२०८० को नारा : 'विज्ञान साक्षरता र उद्यमशीलताः सबल अर्थतन्त्रको आधारशीला÷**
- **२०७० देखि** हरेक बर्षको आश्विन १ गते राष्ट्रिय विज्ञान दिवस मनाउन थालिएको हो !
- **अमृत साइन्स क्याम्पसको स्थापना दिनको अवसर पारेर** २०७० सालदेखि विज्ञान दिवस हरेक वर्षको असोज १ गते मनाइँदै आइएको छ ।

# पुरस्कार र सम्मान

## नोबेल पुरस्कार २०२४

**सन् २०२४ को सबै विधाको नोबेल पुरस्कार घोषणा गरिएको छ**

- **भौतिकशास्त्र :**
  - **जोन जे हपफिल्ड** (John J. Hopfield), अमेरिका र
  - **जेफ्री ई. हिन्टन** (Geoffrey E. Hinton), बेलायत
  - योगदान : artificial neural networks द्वारा मेसिन लर्निङ्ग सम्बन्धि खोजको लागि
- **रसायनशास्त्र :**
  - **डेभिड बार्कर** (David Baker), अमेरिका (प्रोटिन डिजाइनको लागि)
  - **डेमिस हासाबिस** (Demis Hassabis), बेलायत
  - **जोन एम जम्पर** (John M. Jumper), अमेरिका (प्रोटिनको संरचना अनुमान)
- **चिकित्साशास्त्र :**
  - **भिक्टर अम्ब्रोस** (Victor Ambros), अमेरिका
  - **गैरी रुवकुन** (Gary Ruvkun), अमेरिका
  - योगदान : माइक्रो RNA को खोजको लागि
- **साहित्य :**
  - **हान काङ** (Han Kang), दक्षिणकोरिया
  - योगदान : उनको तीव्र काव्यात्मक गद्यको लागि
- **शान्ति :**
  - **निहोन हिडांक्यो** (Nihon Hidankyo), जापानी संस्था
  - योगदान : आणविक हतियार मुक्त संसार प्राप्त गर्न को लागी आफ्नो प्रयास को लागी
- **अर्थशास्त्र :**
  - **डारोन एक्मोग्लु** (Daron Acemoglu), टर्की
  - **सिमोन जोन्सन** (Simon Johnson), बेलायत
  - **जेम्स ए. रोबिन्सन** (James A. Robinson), अमेरिका
  - योगदान : संस्थाहरू कसरी गठन हुन्छन् र समृद्धिलाई असर गर्छ भन्ने अध्ययनको लागि

## भैरव पुरस्कार २०८१

**भैरव पुरस्कार गुठीले २०८१ को साहित्यकार भैरव अर्यालको स्मृतिमा स्थापित तीन पुरस्कार घोषणा गरेको छ**

- **भैरव पुरस्कार :**
  - कसलाई ? : **लक्ष्मण गाम्नागे (हास्यव्यङ्ग्यकार)**



Aayog Tayari

  - पुरस्कारको राशि : १ लाख ११ हजार १ सय ११ रुपैयाँ
- **भैरव वाङ्मय पुरस्कार :**
  - कसलाई ? : **चुडामणि गौतम**
  - पुरस्कारको राशि : १ लाख १ हजार १ सय ११ रुपैयाँ
- **भैरव प्रतिभा पुरस्कार** :
  - कसलाई ? : **लक्ष्मी गिरि (कलाकार)**
  - पुरस्कारको राशि : ५१ हजार १ सय ११ रुपैया

Aayog Tayari